AUSCO

अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# अष्ट्रेलिया मा विदाका दिनहरू

## विद्यालयको विदाहरु

अष्ट्रेलियाली विद्यालयहरुको शैक्षिक शत्र जनवरीको अन्त्यतिर/फेब्रुअरीको शुरुमा शुरु हुन्छ। विद्यालयमा चारवटा सत्हुन्छ जुन करिब १० हप्ता लामो हुने गर्छ। हरेक सत्रपश्चात विद्यालयको विदा शुरू हुनेगर्छ। अलग अलग राज्यहरूमा हरेक सत्रहरूको मिति अलग हुने गर्छ तर साधारणतया अप्रिल, जुलाई र अक्टोवर महिनाको आसपासमा दुई साताको विदा दिने गरिन्छ। विद्यालयको शैक्षिक वर्षको अन्त्य अर्थात गृष्मयाममा (डिसेम्वर महिनाको आखिरी र जनवरी) मा भने ६ साता लामो विदा हुनेगर्छ।

## सार्वजनिक विदाहरू

सार्वजनिक विदाको दिन विद्यालय र अधिकांश सरकारी सेवाहरू बन्द हुन्छन्। तर धैरै पसलहरू खुल्ला नै हुन्छन्। केही सार्वजनिक विदाहरू राष्ट्रिय (अष्ट्रेलियाभर) हुन्छन् भने केही अष्ट्रेलियाका खास खास स्थानहरूमा हुन्छन्। केहीले प्रत्येक वर्ष तिनका मिति बदल्छन्।

अष्ट्रेलियामा मनाउने गरिएको राष्ट्रिय सार्वजनिक विदाको सूची यहाँ छ:

**जनवरी १ तारिख** – नयाँ वर्षको दिन। नयाँ क्यालेन्डर वर्ष आरम्भ भएको अवसरमा मनाइने।

**जनवरी २६** – अष्ट्रेलिया दिवस।

**मार्च वा अप्रिल** – गुड फ्राइडे, इष्टर सन्डे र इष्टर मण्डे। क्रिश्चियन धार्मिक उत्सवहरु।

**अप्रिल २५** – ANZAC दिवस। युद्धमा सहभागी भएकाहरूको स्मृतिमा मनाउने दिवस।

**जुन** – महारानीको जन्मदिवस। इङ्गल्याण्डकी महारानीको जन्मदिन जो अष्ट्रेलियाको समेत महारानी हुन्।

**डिसेम्वर २५** – क्रिश्मस दिवस।

**डिसेम्वर २६** – बक्सिङ् दिवस। क्रिश्मस दिवसको लगत्तै पछि मनाउने सामाजिक उत्सव।









Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM